# आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लि.
## बालुवाटार, काठमाडौं ।

**आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तथा आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेट मन्तव्य**

यस आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३२ औं वार्षिक साधारण सभाको सभाध्यक्षता गरिरहनु भएका सभाध्यक्ष एवं यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू ,पूर्व अध्यक्षज्यूहरु, संस्थाका उपाध्यक्ष, सचिव लगायत संचालक समितिका मेरा सहकर्मी साथीहरु, अन्य समिति उपसमितिका सदस्यज्यूहरु, अतिथिज्यूहरु र सम्पूर्ण सदस्य महानुभावहरुमा यस सहकारी संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

**आदरणीय शेयर सदस्य महानुभावज्यूहरु,**

नेपाल राष्ट्र बैंकभित्रका ३७ जना कर्मचारी सदस्यहरुको पहलबाट मिति २०५० साल असार २१ गते स्थापना भई प्रारम्भमा मासिक रु.१००।- संकलन गरी बचत कार्य सुरु गरिएकोमा २०८० असार मसान्तसम्ममा कुल सदस्य संख्या १०७९ जना पुगि स्वेच्छिक रुपमा रु.१,०००।- देखि रु ५०० ले भाग जाने गरी अधिकतम रु ५,०००।- गरी भिन्न किसिमका बचत योजनामा मासिक बचत संकलन गरिरहेको व्यहोरा यहाँहरुलाई विदितै छ । संस्थाले बचत संकलन तथा ऋण प्रदान गरी एकातर्फ आफ्ना सदस्यहरुको वित्तीय आवश्यकता पूरा गर्ने कार्यमा सहयोग पुऱ्याई रहेको छ भने अर्कोतर्फ सहकारिताको मार्फत सामाजिक र आर्थिक रुपान्तरणका लागि प्रत्यक्ष/अप्रत्यक्ष योगदान पुऱ्याइहेको छ । संस्थाको कारोबार बढ्दै गएको सन्दर्भमा संस्था संचालन गर्न इमान्दारिता, आर्थिक पारदर्शिता र संस्थागत सुशासनलाई अनिवार्य सर्तको रुपमा अगाडी वढाइएको छ र उक्त मापदण्ड/शैली प्रति वर्तमान संचालक समिति प्रतिबद्ध रहेको छ । यस सम्मानित साधारण सभामा संचालक समितिको तर्फबाट म कोषाध्यक्ष डिल्ली कुमार थापा, आर्थिक वर्ष २०७९/८० को आर्थिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेट पेश गर्न गइरहेको छु । यी प्रतिवेदन तथा बजेटलाई आवश्यक छलफलका साथ पारित गरिदिनु हुनेछ भन्ने आशा राखेको छु ।

**आदरणीय सदस्य महानुभावज्यूहरु,**

यस संस्थाको विगत दुई बर्षको तुलनात्मक वित्तीय परिसूचकहरु,आर्थिक वर्ष २०७९/८० को आर्थिक प्रगति प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ को आय-व्ययको प्रस्तावित बजेटको विस्तृत विवरण यसैसाथ अनुसूचीमा संलग्न गरेको छु । अब म संस्थाको आर्थिक वर्ष २०७९/८० को केही वित्तीय परिसूचकहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. सेयर पुंजी तथा कोषहरु :**

आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा सेयर पुंजी १०.८० प्रतिशतले बृद्धि भई रु. १,८५,९३,०००।- कायम भएको छ । त्यसैगरी साधारण जगेडा कोष र अन्य कोषहरु क्रमश १६.४० प्रतिशत तथा २०.९२ प्रतिशतले बृद्धि भई क्रमशःरु. १,४४,८३,९२८।- र रु. १,१५,३४,६४०।- रहेको छ । शेयर पुँजीको वृद्धिले संस्थाको पुँजीको आधारलाई थप बलियो बनाएको छ र थप पुंजी परिचालनबाट आगामी आर्थिक वर्षमा मुनाफामा वृद्धि गर्न सकिने विश्वास गरेको छु ।

**२. बचत :**

आर्थिक वर्ष २०७९/८० मा कुल बचत निक्षेप १६.८८ प्रतिशतले वृद्धि भई रु. १४,३९,९०,७९९।- रहेको छ, जुनवित्तीय स्रोत परिचालनको दृष्टिले चुक्ता सेयर पुँजीको झण्डै ७.७४ गुणा हुन जान्छ । संस्थाको आवश्यकता अनुसार मासिक नियमित बचत (न्यूनतम रु.१,०००।- देखि ५०० ले भाग जाने गरी ५,०००।- सम्म), साधारण बचत र विशेष बचत गरी तीन किसिमका बचत कार्यक्रम संचालन गरिएको छ । संस्थामा तरलताको अवस्था हेरेर विशेष बचत योजना संचालन गरिने गरिएको छ । हाल विशेष बचत योजना अन्तर्गत कुनै पनि निक्षेप दायित्व रहेको छैन ।

**३. कर्जा तथा सापट**

आर्थिक वर्ष २०७९/८० मा संस्थाको कुल कर्जा सापटमध्ये सामाजिक कर्जामा ८.९९ प्रतिशत, सहयोगी कर्जामा १०.६५ प्रतिशत, अल्पकालीन कर्जामा २६.२० प्रतिशत, सरल कर्जामा ५२.८५ प्रतिशत र बचत एवम् मुद्दती निक्षेप धितो कर्जामा १.३० प्रतिशत अंश रहेको छ । गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा कुल कर्जा तथा सापटमा १९.५० प्रतिशतले वृद्धि भई रु.१६,५८,३४,५००।- रहेको छ, ।

**४. आम्दानी :**

गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा आयकर पछिको खुद मुनाफा १३.४० प्रतिशतले वृद्धि भई रु.७७,१७,८८८।- भएको छ । सो नाफा सेयर पुँजीमा प्रतिफल दर हिसाब गर्दा ४१.५० प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्ष ०७८/७९ को तुलनामा आर्थिक वर्ष ०७९/८० को संचालन आम्दानी बृद्धि तथा कर्जा लगानीमा उल्लेखनीय वृद्धिको कारण असल ऋण नोक्सानी व्यवस्था र शंकास्पद कर्जा केही बृद्धि भएको कारण कर्जा नोक्सानी व्यवस्थामा बृद्धि भएकोछ । चालु आर्थिक वर्षमा समेत कर्जा लगानीमा यथास्थिति रहने देखिएको कारण मुनाफामा पनि सन्तोष जनक रुपमा बृद्धि हुने अनुमान गरिएको छ ।

**५.खर्चः**

व्याज खर्च तथा अन्य प्रसाशनिक खर्चमा भएको बृद्धिको कारण आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा कुल खर्च २६.३० प्रतिशतले वृद्धि भई रु. १,५५,९३,३११।६५ पुगेको छ ।

**६.सम्पत्ति खरीद तथा अन्य खर्च प्रस्ताव :**

अव म आर्थिक वर्ष २०७९/८० को लागि केही सम्पत्ति खरीद तथा अन्य खर्च प्रस्ताव गर्दछु । संस्थाको बचत परिचालनमा भएको वृद्धिसंगै कर्जा प्रबाहमा पनि वृद्धि भएकोले दैनिक कारोवारमा वृद्धि भएको छ । संस्थाको सम्पूर्ण कारोवार कम्प्यूटर माध्यमबाट हुने गरेको र कारोवारको बृद्धि संगै संस्थाको क्षमतालाई धान्ने खालको एक थान कम्प्युटर सेट खरीद गर्न रु.२,५४,०००।- छुट्याउनको लागि प्रस्ताव गरेको छु । साथै हाल संस्थाको कार्यालय सानो कोठामा संचालन भइरहेकोमा बैंक भित्रनै अर्को कोठा पाएमा सर्न सकिने भएकोले उक्त कोठाको साज सज्जाको लागि रु.६५,०००।- प्रस्ताव गरेको छु । साथै, आर्थिक वर्ष ०७९/८० मा संस्थाको आवश्यक नीति तथा कार्यविधिहरु तर्जूमा गर्नको लागि रु.२५,०००।- बजेट प्रस्ताव गरेको छु ।

**७. विशेष प्रस्तावः**

आर्थिक वर्ष २०७९/८० को नाफाबाट सेयर सदस्यहरुलाई १३.०० प्रतिशतका दरले नगद लाभांश वितरण गर्न विषेश प्रस्ताव पेश गरेको व्यहोरा अनुरोध गर्दछु । संस्थाको सदस्यहरुलाई संस्थाको सदस्य हितकोष हिसावबाट औषधी उपचार खर्च वापत प्रति सदस्य रु.३१५।७९ भुक्तानी गर्न प्रस्ताव पेश गर्दछु । यसबाट सदस्यहरु थप लाभांवित हुनुहुने छ ।

**आदरणीय सदस्य महानुभावज्यूहरु,**

यस संस्थाको आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण तथा आगामी आर्थिक वर्ष २०८०/८१ को अनुमानित आय-व्यय र वासलात सम्बन्धी विस्तृत विवरणहरु यसै प्रतिवेदनको संलग्न अनुसूचीमा राखी छलफल तथा स्वीकृतिको लागि यस साधारण सभा समक्ष संचालक समितिको तर्फबाट प्रस्ताव पेश गरेको छु ।

अन्त्यमा, गत आर्थिक वर्ष २०७९/८० को तुलनात्मक आर्थिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ को अनुमानित बजेट माथि छलफल गरी आवश्यक सल्लाह र सुझावदिनु हुनेछ भन्ने अपेक्षा गरेको छु र औचित्यपूर्ण प्रस्तावलाई प्रस्तुत प्रतिवेदनमा समेट्ने प्रतिबद्धता व्यक्तगर्दै आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तथा आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेटलाई पारित गरिदिनु हुन अनुरोध गर्दै यो वार्षिक प्रतिवेदन तथा बजेट मन्तव्य अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ।जय सहकारी !!

(डिल्ली कुमार थापा)
कोषाध्यक्ष